नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

# प्रेस विज्ञप्ति

यहि असोज १७ गते देखि देशका विभिन्न भागमा परेको अविरल वर्षाको कारण समग्र कृषि क्षेत्रमा परेको हानी नोक्सानी एवं क्षतिको आँकलन र सो को आधारमा बाली तथा पशुधन बिमा लगायतका अन्य कार्यक्रम, कार्यदिशा, रणनीति तय गर्ने उद्देश्यका साथ आज मिति २०८२ असोज १९ गते आईतबारका दिन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका मन्त्री माननीय डा. मदन प्रसाद परियारज्यूको संयोजकत्वमा मन्त्रालयका सचिवहरू, विभागिय प्रमुख लगायत मन्त्रालय मातहतका अयोजना, निकाय प्रमुखहरुको भौतिक उपस्थितिमा प्रदेशका कृषि क्षेत्र हेर्ने मन्त्रालयका सचिवहरुलाई समेत Virtually समावेश गरी मन्त्रालयमा बैठक सम्पन्न गरियो ।

उक्त बैठकमा विगत केही दिन देखि भइरहेको अविरल बर्षाबाट कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा पुगेको क्षतिको सम्वन्धमा बिस्तृत छलफल भयो । उक्त छलफलमा मन्त्रालय र मातहत एव संबद्ध निकायहरूको प्रस्तुतिबाट भौतिक संरचना, सम्पति र जग्गा जमिनमा पुगेको क्षतिको बारेमा जानकारी लिइयो भने समग्र कृषिक्षेत्र र कृषि-पशुपंछी व्यवसायमा परेको असरहरू बारेमा प्रदेशका कृषिक्षेत्र हेर्ने मन्त्रालयका सचिव एव प्रतिनिधिहरूबाट विषेश गरी धानवाली, तरकारी, फलफूल, माछा पोखरी, पशुपन्छीहरू, कृषि जमिन तथा कृषिपूर्वाधारहरूमा भएको क्षति सम्वन्धमा प्रारम्भिक जानकारी लिइयो । क्षतिको विस्तृत विवरण संकलन गरी प्रतिवेदन तयारी एवं आगामी कार्यक्रम, कार्यदिशा तय गर्ने प्रयोजनका लागि प्रदेश मन्त्रालयले एक हप्ता भित्र क्षतिको विवरण तयार गरी मन्त्रालयमा पेश गर्ने र सो कार्यमा राष्ट्रिय कृषि अधुनिकिकरण कार्यक्रमका जिल्लास्थित कार्यालयहरूले प्रदेश मन्त्रालयसंग समन्वय र सहजीकरण गर्ने साथै संघिय निकाय र प्रदेशहरूबाट प्राप्त क्षतिका विवरणहरूको विश्लेषण र प्रतिवेदन तयारीका लागि मन्त्रालयले एक संयन्त्र गठन गर्ने निर्णय गरियो। अविरल बर्षा पश्चात पशुपन्छीहरूमा देखा पर्न सक्ने सम्भावित महामारीको रोकथामको लागि पशु सेवा विभागले खोप लगायत अन्य प्राविधिक व्यवस्था मिलाउने समेत निर्णय गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

२०८२।६।१९
वरिष्ठ कृषि अर्थविज्ञ

ईमेल: info@moald.gov.np, वेवसाईट: www.moald.gov.np

Scanned with CamScanner